# ललितपुर जिल्ला अदालत

लगनखेल, ललितपुर

मिति:२०७८।३।७

सूचना। सूचना।। सूचना।।।

कोरोना सङ्क्रमण (कोभिड-१९) को वर्तमान समयमा अदालतबाट प्रवाह गरिने सेवा सम्बन्धमा छलफल गर्दा नोवेल कोरना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट विश्वव्यापीरूपमा फैलिरहेको र नेपालमा पनि त्यसको सङ्क्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भलाई समेत मध्यनजर गर्दै अदालतबाट सम्पादन हुने कामकारवाही तथा प्रवाह हुने सेवामासमेत संकुचन ल्याइएको अवस्थामा मिति २०७८।३।७ गतेको यस अदालतको पूर्ण बैठकबाट देहाय बमोजिम गर्ने निर्णय गरियोः-

१. २०७८ साल असार ८ गतेदेखि निषेधाज्ञाको अवधिभर पूर्व निर्णयानुसारका सेवाहरू नियमित सञ्चालन गर्ने। यसका साथै फिरादपत्र तथा प्रतित्तरपत्र दिनमा ५/५ वटासम्म दर्ता गर्ने, विवाह दर्ता र अधिकृत वारेशनामासम्बन्धी निवेदनहरू दिनमा २/२ वटा हेर्ने गरी सेवा विस्तार गर्ने।

२. उपरोक्तानुसार सुनुवाइ हुने भनि तय भएको मुद्दाको सुनुवाइ सम्भव भएसम्म विद्युतीय/भर्चुअल माध्यमबाट गर्ने व्यवस्था मिलाउने। यसका लागि सर्वोच्च अदालतबाट जारी भएको *अदालतमा श्रव्यदृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाइ सञ्चालनसम्बन्धी निर्देशिका, २०७८* को दफा ७ को अवलम्वन गरिने। श्रव्यदृश्य सम्वाद भिडियो कन्फरेन्स मार्फत सुनुवाइ सञ्चालनका लागि यस अदालतको सूचना प्रविधि सहायक समेतको सहयोगमा प्रशासनले युजर म्यानुअल बनाई सम्प्रेषण गर्ने।

३. फिरादपत्र, प्रतिउत्तरपत्र, अधिकृत वारेशनामा र विवाह दर्ता गर्न चाहने पक्षले विहान १०.३० बजेभित्र अदालतको प्रशासन शाखाबाट टोकन लिइ सक्नुपर्ने र दिनको २.०० बजेभित्र लिखत पेश गरी सक्नुपर्ने।

४. काम कारवाही र सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा, रिट तथा निवेदनमा रहेका हदम्याद, म्याद र तारिख नगुज्रने।

५. यस सम्बन्धी अरू व्यवस्थापकीय पक्षहरू अदालत प्रशासनले मिलाउने।

६. विद्यमान परिस्थितिको मूल्याङ्कन गरी उल्लेखित विषयमा थप निर्णय लिनका लागि आवश्यकतानुसार पूर्ण बैठक बस्ने निर्णय गरियो।

विष्णुप्रसाद पाण्डेय

सेस्तेदार (उपसचिव)